स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले देशभर राम्रो व्यापार गरिरहेको छ। आज शनिबार देशभरका अधिकांश सोहरु हाउसफूल छन्। लक्ष्मीपूजाबाट प्रदर्शनमा आएको यो चलचित्रले १६औं दिनसम्म आइपुग्दा नेपालमा सर्वाधिक कमाउने चलचित्र बनेको छ। चलचित्रले प्रदर्शनको १५औं दिनसम्म आइपुग्दा करिब ३० करोड ग्रसकलेक्सन गरेको निर्माता विनोद पौडेलले जानकारी दिए। चलचित्रको शुक्रबार र शनिबारको व्यावसायिक रिपोर्ट आउन बाँकी छ।

**आजको विचार...**

निजामती... (दुई पेजमा)

यज्ञप्रसाद भट्टराई

देशभर दर्शकको ओइरो लागे पनि २० वटा हलबाट फिल्म पूर्णबहादुरको सारङ्गी उतारिने भएको छ । सेभेन सिस सिनेमा परिवारले शुक्रवार एक विज्ञप्ति जारी गर्दै भनेको छः 'केही सिनेमा घरहरुले चलचित्र पूर्णबहादुरको सारङ्गी हाउस फूल अकुपेन्सीमा प्रदर्शन भए पनि निर्माण पक्षलाई ग्रसकलेक्सन र कमको रिपोर्ट उपलब्ध गराए पनि निर्माण पक्ष उक्त रिपोर्टप्रति असहमत हुँदै सम्बन्धित हलबाट मङ्सिर १ गते शनिवारबाट नै सिनेमा उतार्ने निर्णयमा पुगेको छ ।'



❒ वर्ष ३० ❒ अंक ११५ ❒ २०८१ मंसिर ३ गते सोमबार 18 November 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रामपुरमा महिला मृत फेला



**पाल्पा,** मंसिर २/जिल्लाको रामपुरमा एक महिला मृत फेला परेकी छन् । रामपुर नगरपालिका-३, बगाहादेखि सीताकुण्ड जाने कच्ची सडक खण्डको पश्चिम पट्टी नालीमा सोही ठाँउका डिलबहादुर सारुको श्रीमति ६५ वर्षीय सुकमाया गिरी सारु शनिबार साँझ अचेत अवस्थामा फेला परेकी थिइन् । उनलाई स्थानीय र प्रहरीले उद्दार गरी उपचारका लागि रामपुर अस्पतालमा पठाए पनि चेकजाँच गर्दा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । अघिल्लो दिन शुक्रबार यही रामपुर नगरपालिका- ५ भम्बकमा पनि अचेत अवस्थामा भेटिएका एक पुरुषको मृत्यु भएको थियो । भम्बकका ५४ वर्षीय रामु काफ्ले आफ्नै घर नजिक रहेको गोबर ग्यासको सेफ्टि ट्याङ्की माथि घोप्टो परी अचेत अवस्थामा फेला पारी उपचारका लागि रामपुर अस्पताल लगिएकोमा चेकजाँचपछि डाक्टरले मृत घोषणा गरेका थिए ।

# लुम्बिनी प्रदेशमा कहाँ–कहाँ हुँदैछ उपनिर्वाचन ?

## ६ पदमा तीन ठूला दलको भिडन्त

**रामचन्द्र रायमामझी**

**पाल्पा,** मंसिर २/स्थानीय तह उपनिर्वाचन अन्तर्गत लुम्बिनी प्रदेशका रिक्त पदमा मंसिर १६ गते चुनाव हुँदैछ । विभिन्न कारणले रिक्त रहेका यहाँका स्थानीय तहमा ६ पदका लागि उपनिर्वाचन हुन लागेको हो ।

रिक्त पदमध्ये यसअघि काँग्रेसले ४ र माओवादीले २ स्थानमा जितेका थिए । लुम्बिनी प्रदेश निर्वाचन कार्यालय दाङका अनुसार एक गाउँपालिका उपाध्यक्ष र ५ वटा वडाध्यक्षको लागि निर्वाचन हुने छ । गुल्मीको मुसिकोट नगरपालिका वडा नम्बर १ मा वडाध्यक्ष, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नम्बर ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नम्बर ४ र कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर १ को वडाध्यक्ष पदमा निर्वाचन हुँदैछ । यस्तै रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका उपाध्यक्ष र सोही पालिकाको वडा नं २ को वडाअध्यक्ष पदमा पनि उपनिर्वाचन हुँदैछ ।




गुल्मीको मुसिकोट नगरपालिका वडा नम्बर १ को वडाध्यक्ष मोहन घिमिरेको निधनका कारण यहाँ उपनिर्वाचन हुँदैछ । २०७९ को निर्वाचनमा काँग्रेसबाट वडाध्यक्षमा निर्वाचित घिमिरेले १ हजार १८२ मत पाएका थिए । उनका प्रतिस्पर्धी एमालेका नारायण बहादुर थापाले १ हजार १४३ मत ल्याएका थिए । रोल्पाको रुन्टीगढी गाउँपालिका j8gf ४ मा काँग्रेसका टङ्क बहादुर पुन ४ सय ८८ मत पाएर अघिल्लो निर्वाचनमा विजयी भएका थिए । उनका प्रतिस्पर्धी एमालेका बेगम पुनले ४ सय ८० र माओवादीका शिवलाल रोकाले २ सय ३ मत पाएका थिए । यस्तै नेपाली काँग्रेसले जितेको अर्को ठाउँ बर्दियाको ठाकुर बाबा नगरपालिका वडा नम्बर ४ हो । कांग्रेसबाट वडाध्यक्ष जितेका सूर्यबहादुर विष्ट जिल्ला समन्वय समिति प्रमुखमा निर्वाचित भएका थिए । वडा अध्यक्षमा विष्टले १ हजार २०९ मत पाएका थिए भने उनका प्रतिस्पर्धी एमालेका नारायण अधिकारीले ५ सय ८० मत पाएका थिए । रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका **उपाध्यक्ष** र सोही पालिकाको वडा नं २ को वडाअध्यक्ष पदमा उस अघि माओवादीले जितेको थियो । उपाध्यक्षमा माओवादी केन्द्रका भुपेन्द्रा बुढा ४ हजार ५९ मत पाएर निर्वाचित भएकी थिइन् । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका कमला कुमारी मल्लले २ हजार १० मत र एमालेका धर्म घर्ती बुढाले १ हजार ८ सय १२ मत पाएका थिए । उक्त गाउँपालिकाको वडा नम्बर २ का वडाध्यक्षको मृत्युपछि उपनिर्वाचन हुँदैछ । गत निर्वाचनमा माओवादी केन्द्रका जसबहादुर श्रीपाली २ सय ३४ मत पाएर वडा अध्यक्षमा निर्वाचित भएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका कर्णबहादुर बुढाले १ सय ७९ मत पाएका थिए । यस्तै उपनिर्वाचन हुन लागेको कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर १ मा यसअघिको निर्वाचनमा कांग्रेसका तिलकराम यादव १ हजार ३२ मत पाएर विजयी भएका थिए । उनका प्रतिस्पर्धी एमालेका अब्दुल मोजीव खाँले ८ सय ८९ मत पाएका थिए । लुम्बिनीमा रिक्त रहेका ६ पदमा तीन ठूला दलबीच प्रतिस्पर्धा हुने देखिएको छ । कांग्रेस र माओवादीलाई यसअघि आफूले जितेका सिटमा विरासत जोगाउने चुनौती रहँदा एमाले भने जित हासिल गरी फाइदा उठाउने दाउमा छ ।

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषाय नबनाऔं, विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोका कारण हुने हिंसा अन्त्य गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

**पाल्पा,** मंसिर २/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको ज्यान गएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार डोटी, कैलाली, झापा र मोरङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको ज्यान गएको हो ।




डोटीको शिखर नगरपालिका-८ खुनस्थित सडकमा जिपले मोटरसाइकललाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । ग.१ ज ६१७० नम्बरको बोलेरो जिपले सु.प.प्र.०३-००१ प ०६६८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार दिपायल सिलगढी नगरपालिका-१ सिर्खोली बस्ने ३२ वर्षीय लोकेन्द्र साउँदको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सुजङ अस्पताल राजपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको निसर्ग अस्पताल धनगढी कैलालीमा उपचार भइरहेको छ । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै कैलालीको लम्कीचुहा नगरपालिका-१ पूर्व लम्कीस्थित सडकमा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । सु.प.प्र ०१-००१ ख ९९६ नम्बरको बसको ठक्करबाट पैदलयात्री घोडाघोडी नगरपालिका-३ बस्ने ३८ वर्षीय दिपक कडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लालरत्न अस्पताल लम्की हुँदै टिकापुर अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै झापाको बिर्तामोड नगरपालिका-२ रामचोकस्थित सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । ना.३ ख ४३६४ नम्बरको ट्रकले मे.१० प ६०१७ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक शिवसताक्षी नगरपालिका-७ बस्ने २२ वर्षीया रोजी कटुवालको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको बिर्तासिटी अस्पताल हुँदै बिएण्डसी अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएकी स्कुटरमा सवार १ जनाको बिएण्डसी अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै मोरङको पथरीशनिश्चरे नगरपालिका-२ स्थित सडकमा टिपरले मोटरसाइकललाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ ।

बागमती प्र.०३-००१ ख २९२८ नम्बरको टिपरले को.२० प ६०७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक पथरीशनिश्चरे नगरपालिका-७ बस्ने १८ वर्षीय निश्चल आङदेम्बे र मोटरसाइकलमा सवार सोही नगरपालिका-२ बस्ने ४८ वर्षीय प्रितम गौतमको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको मदन भण्डारी ट्रमा सेन्टर मंगलबारे उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## विद्युत् निर्यातले जगाएको आशा

मुलुकको व्यापार घाटामा ठूलो खाडल रहेको अवस्थामा बंगलादेशमा विद्युत् निर्यातले वैदेशिक व्यापारमा आशा जगाएको छ । गत शुक्रबारदेखि नेपालबाट तेस्रो मुलुक बंगलादेशमा विद्युत् निर्यात हुन थालेपछि अर्थतन्त्रमा लाभ हुने आशा पलाएको हो ।

गत असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट र भारतको विद्युत् व्यापार निगमबीच त्रिपक्षीय सम्झौताको करिब डेढ महिनापछि नेपालले ४० मेगावाट बिजुली बंगलादेश पठाएको हो । विद्युत् निर्यात गर्दा नेपाल विद्युत् प्राधिकरणलाई २८ हजार १ सय ६० डलर (३७ लाख ९३ हजार ४ सय ३३ रुपैयाँ) आम्दानी भएको छ । छिमेकी मुलुक भारतसँग यसअघि नै बिजुली आयात–निर्यात हुने गरेको भए पनि सीमा नजोडिएको तेस्रो मुलुकसम्म नेपालको बिजुली निर्यात हुनु कोसेढुंगा हो । यद्यपि, यस वर्षका लागि नेपालबाट बंगलादेशमा बिजुली बेचिने शुक्रबार नै अन्तिम दिन हो । अब आगामी जुन १५ पछि मात्रै पुनः विद्युत् बेचिनेछ । यस वर्ष एकदिन मात्रै विद्युत् निर्यात भए पनि यसले नेपालको अर्थतन्त्र र विद्युत् बजारमा दीर्घकालीन प्रभाव पार्न सक्नेछ । किनकि विद्युत् निर्यातबाट प्राप्त हुने विदेशी मुद्रा आम्दानीले नेपालको व्यापार घाटा कम गर्न, विदेशी मुद्रा सञ्चितिमा वृद्धि गर्न र आर्थिक स्थायित्व कायम गर्न मद्दत पुऱ्याउँछ । अधिकांश वस्तुमा मुलुक परिनिर्भर रहेको अवस्थामा विद्युत्मा आत्मनिर्भर भएर निर्यात हुनु सुखद पक्ष हो । खाद्यान्नदेखि हरेक वस्तु पूर्ति गर्न छिमेकी र अन्य देशमा भर पर्नुपर्ने नेपालको नियति छ । जसका कारण व्यापार घाटा बढाउन सघाएको छ । व्यापार घाटाका हिसाबले मात्र हैन, भ्रष्टाचारले पनि उत्तिकै आक्रान्त छ मुलुक । यस्तो अवस्थामा विजुली निर्यातको बढ्दो ग्राफले भने केही आशा जगाएको छ ।

सरकारले कैयौंपटक प्राधिकरणको अर्बौंको घाटालाई अपलेखन गर्दै सामान्य बनाउने प्रयास गरे पनि प्राधिकरणले खर्च धान्न सक्ने स्थिति थिएन । विद्युत आपूर्ति बढेसँगै प्राधिकरणको वित्तीय अवस्थामा सुधार हुँदै जाने निश्चित छ । प्राधिकरणको नाफा वृद्धि र बंगलादेशमा विद्युत निर्यात बढेको पृष्ठभूमिमा प्राधिकरणको वित्तीय स्वास्थ्यमा सुधार मात्रै हुने छैन, नेपालको व्यापार घाटा न्यूनीकरणमा पनि सहयोग पुग्ने छ । उत्पादन र व्यापार रणनीति ठिक भए भोलि उज्यालो दिन छ है भन्ने संकेत गर्नु सकारात्मक पक्ष हो । उसै त नेपालको निर्यात व्यापार चिन्तालाग्दो छ । बढ्दो आयातले मुलुकको आर्थिक अवस्थामा अत्यन्त कमजोर भइरहेका बेला विजुली निर्यातले पक्कै पनि आशाको सञ्चार गराउन काफी छ । यसलाई निरन्तरता दिन सकियो भने पनि मुलुकको अर्थतन्त्रमा अवश्य पनि लाभ हुने निश्चित छ ।

## Opinion @ Social Network

भरोसा आफैमा राख्नुपर्छ चरा सँग पनि नक्सा कहाँ हुन्छ र
तैपनि आफ्नो गन्तव्य पुगेकै हुन्छ ।
*(सोना खड्काको फेसबुक स्टाटस https://www.facebook.com/Sona.Khadka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निजामती कर्मचारी उत्साहित छन् त ?



**यज्ञप्रसाद भट्टराई**

> *उच्च नेतृत्व तहले कर्मचारीको तलबभत्ता, सेवा–सुविधा, वृत्तिविकास लगायत कुरामा खासै ध्यान दिएको पाइँदैन ।*

करिब चार वर्षअगाडि सरकारी कामका सिलसिलामा मलाई धनगढीमा रहेको नेपाली सेनाको वाहिनीपतिको कार्यालयमा पस्ने अवसर मिल्यो । त्यति बेला सेनामा कार्यरत सिपाहीले मसँग जिज्ञासा राखे– हाम्रो सोह्रवर्षे कहिले आउँछ ? सोह्र वर्षे भन्नाले सोह्र वर्ष सेवा गरेपश्चात् निवृत्तिभरण पाउने गरी अवकाश लिने व्यवस्था हो, जुन नेपाली सेनामा कार्यान्वयनमा आइसकेको छ । मैले उनलाई सोधेँ– यहाँको जागिर अवधि कति भयो ? हजुरको घर कता हो ? उनले जवाफ दिए– जागिर तेह्र वर्ष भयो र घर धनगढीमै हो । मैले भनेँ– घरपाई मिलेकाले राम्रै रहेछ, किन सोह्र वर्ष खोज्नुभएको छ ? उनले मलिनो अनुहारमा भने– के गर्नु ? तलबले खान पुग्दैन, बालबच्चा पाल्नै पुग्दैन, एउटा घडेरीसम्म किन्न पनि सकिनँ, वास पनि बनाउन सकेको छैन, बालबच्चालाई उनीहरूको इच्छा अनुसारको खुवाउन र लगाउन दिन पनि सकेको छैन । बिरामी परेमा औषधी उपचार गराउन पनि समस्या पर्छ । छिटै पेन्सन पाके विदेश जान हुन्थ्यो, त्यहाँ सेक्युरिटीको जागिर गरेर मेरो आफ्नो व्यवस्था गर्ने थिएँ । त्यसैले छिटो सोह्र वर्षे आइदिए हुन्थ्यो । यी एक प्रतिनिधि पात्र मात्र हुन् तर नेपालको निजामती सेवा लगायत अन्य सरकारी सेवामा कार्यरत अधिकांश इमानदार र नैतिकवान् कर्मचारीको अवस्था यस्तै छ । निजामती कर्मचारीप्रति सबै क्षेत्रबाट एउटै गुनासो गरिन्छ– जनअपेक्षा अनुसार काम गर्न सकेनन् । राजनीतिक नेतृत्व, सेवाग्राही, नागरिक समाज, सञ्चारजगत, करदाता, व्यवसायी लगायत सबै निजामती सेवाबाट सन्तुष्ट छैनन् । अर्कोतिर, निजामती सेवालाई बिचैमा छाड्नेको संख्या क्रमशः बढ्दै गइरहेको छ । सुरक्षा निकायमा झनै विकर्षण बढ्दो छ । माग बमोजिमको संख्यामा दर्खास्त नै नपर्ने एवं दरखास्त परे पनि जनशक्ति आपूर्ति हुन सकेको देखिँदैन । अनुसन्धान भएन सबै कर्मचारी खराब होइनन् । यहाँनेर एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । भारतीय राजनीतिज्ञ लालबहादुर शास्त्री ठुला समाजसेवी पनि थिए, तर उनी सकेसम्म आफ्नो नाम चर्चामा नआओस् भन्ने चाहन्थे । एक दिन एक साथीले शास्त्रीलाई सोधेछन्– शास्त्रीजी ! तपाईं पत्रिकामा नाम आउँछ भनेर किन डराउनुहुन्छ ? शास्त्रीजीले भनेछन्– ताजमहलमा दुई प्रकारका ढुङ्गा छन् । एउटा, ताजमहलको बाहिर रहने ढुङ्गा र अर्को ताजमहलको जगमा रहेका ढुङ्गा । बाहिरपट्टिको ढुङ्गा सङ्गमर्मरका हुन्, टलक्क टल्कन्छन्, जसलाई संसारले देख्छ, चर्चा गर्छ । ताजमहलको जगमा पनि ढुंगा छन् । जसलाई बाहिरबाट हेर्दा कसैले देख्दैन, न कसैले चर्चा गर्छ तर ती ढुङ्गाले नै ताजमहल थामेको छ । मित्र ! म पनि त्यही ताजमहलको जगको ढुङ्गा बन्न चाहन्छु । ताजमहलमा देखिने ढुंगाजस्तै हाम्रो सरकारी एवं निजामती सेवामा पनि एकथरी कर्मचारी सेलिब्रेटी छन्, जो शक्तिको वरिपरि घुम्छन्, शक्तिको प्रयोग बढी गर्न पाइने वा सुविधा बढी उपयोग गर्न मिल्नेजस्ता कार्यालय वा निकायमा बारम्बार जाने वा जान खोज्ने गरिरहेका हुन्छन् । उनीहरूले तलब-भत्ताबाहेक पनि राम्रै अतिरिक्त लाभ लिइरहेका हुन्छन् । अर्को थरी ताजमहलको जगको ढुंगाजस्तै इमानदार कर्मचारी छन्, जो दूरदराजमा सेवा प्रवाह गरिरहेका छन् वा कार्यालय धानेका छन् । उनीहरूले आफ्नो विज्ञापन गर्न सक्दैनन्, वा चाहँदैनन् र उनीहरु चर्चामा आउँदैनन् । उनीहरु शक्ति केन्द्र पनि धाउँदैनन् । ती ताजमहलको जगको ढुङ्गाको काम गरिरहेका छन् र समग्र निजामती सेवाको साख जोगाइरहेका छन् । ती कर्मचारीलाई न कसैले देख्छ, न कसैले उनीहरूको मर्का बुझ्न खोज्छ वा न कसैले उनीहरूको चर्चा नै गर्छ । त्यस्ता प्रकृतिका कर्मचारी उत्प्रेरित वा उत्साहित छन् वा छैनन्, उनीहरू अझ उत्प्रेरित र उत्साहित बनाउन राज्यले के गर्नुपर्छ जस्ता विषयमा बहस र छलफल केन्द्रित हुनु आवश्यक छ । कर्मचारीको निराशा र मनोदशालाई लिएर अध्ययन अनुसन्धान भएको पाइँदैन । कर्मचारीका समस्या के हुन् ? किन जनअपेक्षा अनुरुप काम भइरहेका छैनन् ? कर्मचारीको मनोबल उच्च छ वा छैन ? वर्तमान तलब-भत्ताले उसको आधारभूत आवश्यकता परिपूर्ति हुन्छ वा हुँदैन ? यी विषयमा राम्रोसँग नबुझी गोलमटोल रूपमा सबै कर्मचारी खराब छन् जस्तो गरी आरोप मात्र लगाएको सुनिन्छ ।

**तलबको तुलना :** आवश्यकताको सोपानमा पहिलो अनि अत्यावश्यक हुन्छ शारीरिक आवश्यकता, जसलाई 'फिजियोलोजी निड' भनिन्छ । जसअन्तर्गत विश्वस्वास्थ्य सङ्गठनले तोकेको क्यालोरीयुक्त खाना खानुपर्ने हुन्छ र त्यो आफूलाई मात्र होइन, आफ्नो परिवारलाई समेत आवश्यक पर्छ । त्यसैगरी वासस्थान, पोसाक, स्वास्थ्य सेवा, छोराछोरीका लागि शिक्षा आदि गुणस्तरीय पाउनुपर्छ । यी न्यूनतम कुरा आधारभूत आवश्यकता भित्र पर्छन् । यी पूर्ण रूपमा प्राप्त नभएसम्म अन्य कुरा सोच्न पनि कठिन पर्छ । उच्च नेतृत्व तहले कर्मचारीको तलबभत्ता, सेवा-सुविधा, वृत्तिविकास लगायत कुरामा खासै ध्यान दिएको पाइँदैन । यस्ता कुराको बेवास्ता गर्दा सक्षम तथा इमानदार कर्मचारी पलायन भएको र पलायन हुनुपर्ने अवस्था सिर्जना हुँदै गइरहेको छ । पूर्वप्रधानन्यायधीश सुशीला कार्कीले एकपटक सर्वोच्च अदालतमा भन्नुभएको थियो, 'मैले कर्मचारीलाई सधैँ निन्याउरो, ख्याउटे, मलिनो देख्छु किनभने उनीहरूलाई खान पुग्ने गरी तलब नै छैन । गुणस्तरीय जीवन जिउनका लागि समस्या छ र उनीहरू उत्साहित छैनन् ।' नेपालमा निजामती कर्मचारीको वर्तमान तलबले कर्मचारीको आधारभूत आवश्यकता एवं शारीरिक आवश्यकताको परिपूर्ति गर्न ज्यादै कठिन छ, आफू र आफ्नो परिवारको समेत भरणपोषण गर्न कठिनाइ परेको हुन्छ । कर्मचारीलाई आफ्नो आवश्यकता पूरा गर्न चिन्ता छ, परिवारको लालनपालन गर्ने चिन्ता छ, आवासको चिन्ता छ, छोराछोरीलाई पढाउने चिन्ता छ, औषधि उपचारको चिन्ता छ, कर्मचारीको मन खण्डित छ, जब मन खण्डित हुन्छ, तब उसको काम गर्ने ऊर्जा नष्ट भएर जान्छ र ऊ उत्साहित हुँदैन । वर्तमानको तलब-भत्ताले निजामती कर्मचारीको आधारभूत आवश्यकता पूरा हुन सकेको छैन । सिङ्गापुरमा ली क्वान युको सुधार योजनालाई महत्त्वपूर्ण मानिन्छ । उनले दक्ष र इमानदार जनशक्ति आकर्षित गर्न सरकारी कर्मचारीको तलबलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउने नीति अवलम्बन गरे । उच्चस्तरीय सरकारी पदहरूमा योग्य र प्रतिभाशाली व्यक्तिहरूलाई आकर्षित गर्न निजामती सेवामा प्रतिस्पर्धी तलब र लाभहरू उपलब्ध गराइयो । यसले सरकारी सेवामा उत्कृष्ट जनशक्तिलाई आकर्षित गऱ्यो । नेपालमा सरकारी कर्मचारीको तलब ज्यादै न्यून भएकाले कर्मचारीको आधारभूत आवश्यकता परिपूर्ति हुन सकेको छैन । सार्क राष्ट्रलाई हेर्दा– एउटा कार्यालय सहयोगीको मासिक तलब भारतमा २५९ डलर जति छ भने नेपालमा करिब १६७ डलर जति पर्न आउँछ । त्यसैगरी शाखाअधिकृत स्तरको मासिक तलब भारतमा तलब ७७९ डलर, भुटानमा ४४८, पाकिस्तानमा ४१५, बङ्गलादेशमा ३४२, श्रीलङ्कामा ३१५ डलर जति छ तर नेपालमा ३०७ जति पर्न आउँछ । सचिवको मासिक तलब भारतमा ३,१२३ डलर र पाकिस्तानमा ९४४ डलर छ भने नेपालमा सचिवले करिब मासिक ५२३ डलर मात्र पाउँछन् । भारतमा त कर्मचारीहरूलाई तलबका अलावा विविध किसिमका भत्ता, आवास सुविधा लगायत दिइन्छ । नेपालबाहेक अन्य सबै मुलुकमा तलब बाहेकका आवास, परिवहन, पोसाक, सन्तति शैक्षिक भत्ता लगायत विविध सुविधा उपलब्ध गराइन्छ । श्रीलङ्कामा त अत्यन्त कम ब्याजदरमा ऋण समेत कर्मचारीलाई दिने गरेको पाइन्छ । नेपालको तलब संरचना त्यति वैज्ञानिक पनि मानिँदैन, किनकि सबभन्दा तल्लो र सबभन्दा माथिल्लो तहको तलब स्केल अनुपात सबभन्दा कम रहेको छ । नेपालको मुख्य सचिवले कार्यालय सहयोगीले भन्दा करिब ३.३८ गुणा बढी तलब पाउने गर्छ । भारतमा तलब स्केल अनुपात १३.४ र पाकिस्तानमा ९.२ रहेको पाइन्छ । नेपालमै निजी क्षेत्रको कुरा गर्ने हो भने पनि मेगा बैंकका कार्यकारी निर्देशकले तलब मात्र वार्षिक १ करोड २ लाख बुझेको, एनएमबी बैंकका सीईओले एक आर्थिक वर्षमा एक करोड ७५ लाख २८ हजार तलब भत्ताबापत बुझेको कुरा बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । यस्तै, नेपाल बैङ्कको प्रमुख कार्यकारी अधिकृतले तलब भत्ताबापत वार्षिक रूपमा ४६ लाख ९६ हजार ३०६ रुपैयाँ बुझेको बैंकको वार्षिक प्रतिवेदनहरूमा उल्लेख भएको पाइन्छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्टारको मासिक तलबभत्ता क्रमशः करिब ३ लाख ४५ हजार ७९२, दुई प्रशासन सुधार आयोगका प्रतिवेदनमा उल्लेख गरेबमोजिम मन्त्रालयको संख्या घटाइनुपर्छ । हामीकहाँ अनावश्यक रूपमा बोर्ड, समिति, आयोग छन् । जसअन्तर्गत राजनीतिक नियुक्ति हुने पदहरू धेरै छन्, कतिपयको कार्यक्षेत्रमा पनि दोहोरोपन छ । त्यसमा पुनर्विचार गरेर त्यस्ता पद घटाउनु उपयुक्त हुन्छ । केन्द्रीय स्तरका कार्यालय एवं मन्त्रालयमा कर्मचारीको दरबन्दी बढी नै भएको पाइन्छ, त्यसलाई घटाइनुपर्छ भने सेवा प्रवाह गर्ने कार्यालयमा कर्मचारी पुगेको देखिँदैन, त्यहाँ कर्मचारी थप गर्नुपर्ने हुन्छ । कसैलाई बढुवा गर्ने उद्देश्यले व्यक्तिलाई लक्षित गरी दरबन्दी सिर्जना गर्ने परिपाटीलाई अन्त गरिनु आवश्यक छ । जनप्रतिनिधिका पदहरू पनि धेरै सिर्जना गरिएको छ र जुन सेवामुखी पदहरूलाई तलबी बनाइएको छ । जसबाट राज्य कोषलाई धेरै भार पर्न गएको अवस्था छ, त्यसमा पनि पुनर्विचार गरिनुपर्छ । राज्य कोष बढाउन सुशासनको पाटो पनि महत्त्वपूर्ण हुन्छ । राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण गरिनुपर्दछ । भ्रष्टाचार नियन्त्रणमा प्रभावकारिता आवश्यक छ । राजनीतिज्ञ, कर्मचारी, सुरक्षाकर्मी तथा न्यायकर्मी लगायतले एकाएक सम्पत्ति जोडेका छन् भने सूक्ष्म अनुसन्धान गरी अवैध सम्पत्तिलाई राज्य मातहत ल्याउनुपर्छ । अतिक्रमित सरकारी जग्गा सरकार मातहत ल्याई त्यसलाई उपयोग गरी देशको आयआर्जन बढाउन सक्ने अवस्था रहन्छ । सामाजिक सुरक्षामा दिइँदै आएको रकममा पनि पुनर्विचार गर्नु जरुरी छ । यस्तो खालको भत्ता समता एवं आवश्यकताका आधारमा दिइनुपर्छ । ली क्वान युको नेतृत्व, दूरदृष्टि र दृढता सिङ्गापुरको उन्नतिका लागि महत्त्वपूर्ण साबित भयो । हामीकहाँ पनि त्यस्तै खालको दृष्टिकोण लिई सुधार योजनासहित काम गर्ने सोच राजनीतिक नेतृत्वले नबनाएसम्म जति गनगन गरे पनि निजामती सेवामा सुधार हुने स्थिति देखिँदैन । यसतर्फ समममयमै सम्बन्धित सबैले ध्यान पुऱ्याउन जरुरी छ ।

*-रातोपाटी डटकम*

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुऱ्याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

## शिक्षा

# सामुदायिकको शिक्षण सिकाइ सुधारिएपछि निजी विद्यालय विस्थापित



सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइ हुन थालेपछि जिल्लाको महाशिला गाउँपालिकामा रहेका निजी विद्यालय विस्थापित हुँदै गएका छन् । यहाँ रहेका सात पालिकामध्ये निजी विद्यालय नहुने यही महाशिला गाउँपालिका हो । अन्य पालिकामा भने निजी विद्यालय सञ्चालनमा छन् । महाशिलामा जनप्रतिनिधिले सामुदायिक विद्यालयको गुणस्तरमा सुधारमा प्राथमिकता दिएपछि यहाँका विभिन्न वडामा सञ्चालित निजी विद्यालय बन्द भएका हुन् । हुनेखानेका बालबालिका गुणस्तरीय शिक्षाका नाममा बजार जाने र गाउँमा रहेका विपन्न तथा मध्यम परिवारका बालबालिका पनि लामो समय विद्यालयमा नटिक्ने समस्यापछि गाउँपालिकाले सामुदायिक विद्यालयबाट नै निजी विद्यालयसरहको शिक्षा दिन थालेपछि यस्तो हुन गएको दाबी गरेको छ । गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले भने,'सुरुमा कक्षा १ देखि ३ सम्म दिवाखाजा कार्यक्रम सुरु गर्‍यौँ, यसले विद्यार्थीको टिकाउदर बढ्यो । पछि सरकारले कक्षा ५ सम्म दिवाखाजा कार्यक्रम सञ्चालन गरेपछि निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढयो । साथै अहिले कक्षा नर्सरीदेखि १० सम्म नै सबै विद्यालयमा अं ग्रेजी माध्यममा पढाइ सञ्चालन गरेपछि सामुदायिक विद्यालय नै अभिभावको रोजाइमा परे ।' भुसालले पछिल्लो समय जिल्लाभरमा निजी विद्यालय नहुने पालिका बनाउन सफल भएको बताए । गाउँपालिकाले अङ्ग्रेजी भाषाप्रतिको मोह देखेर यहाँ रहेका सबै विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको र बोर्डिङ स्कुलले दिने शिक्षा सामुदायिकबाट नै दिन थालिएपछि गाउँपालिकालाई निजी विद्यालयबिहीन बनाउन सकिएको उनले बताए । त्यसका लागि विद्यालयमा रहेका नयाँ तथा पुराना शिक्षकलाई आवश्यक तालिम दिएर मासिक रूपमा उपलब्धि मापन परीक्षा पनि लिने गरिएको अध्यक्ष भुसालले बताए । यसका साथै यहाँ परीक्षा प्रणालीमा पनि सुधार गरिएको छ । शिक्षक आफैँले प्रश्न तयार गर्दा नतिजा राम्रो नआउने भएकाले बाहिरबाट विषयविज्ञ बोलाएर प्रश्नपत्र तयार गर्ने र शिक्षकको नभई कर्मचारीको रोहवरमा परीक्षा लिने तथा नतिजा विश्लेषण गर्ने गरिएको छ । गाउँपालिकाले तीनवटा विद्यालयलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गरेको छ । वडा नं १ मा रहेको गोर्ल्याङधाम आधारभूत मावि, वडा नं ४ पाखापानीमा रहेको स्वधर्म मावि र वडा नं ५ लङ्खुदेउरालीमा रहेको महेन्द्रज्योती माविलाई पूर्ण तथा आंशिक रूपमा आवासीय विद्यालय सञ्चालन गरी बिहान ६ देखि साँझ ६ बजेसम्म विद्यार्थीलाई विद्यालयमै राख्ने, पढाइसँगै अतिरिक्त क्रियाकलाप सिकाउने गरिएको छ । पालिकाले यस वर्षदेखि आवासीय विद्यालय थप गर्ने योजना बनाएको छ । आवासीय विद्यालयमा परिचालन हुने शिक्षकलाई गाउँपालिकाले तलबको थप ३५ प्रतिशत रकम उपलब्ध गराउँदै आएको छ । त्यसैगरी एक शिक्षक एक ल्यापटप र एक कक्षा एक प्रोजेक्टर कार्यक्रम लागू गरेर प्रविधिमैत्री शिक्षा दिन थालिएको छ ।

यसगरी यस गाउँपालिकाले कृषि, पशु, स्वास्थ्यसम्बन्धी अध्ययन गर्नेलाई वार्षिक रु एक लाखका दरले चार वर्षसम्म अनुदान दिँदै आएको छभने विज्ञान र गणित पढाउने शिक्षकको अभाव भएपछि गाउँपालिकाभित्रबाट उच्च शिक्षामा विज्ञान र गणित तथा नर्सिङ पढ्ने विद्यार्थीलाई वार्षिक रु ५० हजारका दरले चार वर्षसम्म सहयोग गर्ने कार्यक्रम पनि लागू गरेको छ । उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको छ । पालिकाभित्रका सामुदायिक विद्यालयमा गुणस्तर सुधार भएपछि बालबच्चा पढाउन बजार झर्ने क्रम पनि रोकिएको गाउँपालिकाका पूर्वप्रवक्ता जीवनविक्रम उच्चैले जानकारी दिए । उच्चैले आफैँले सञ्चालन गरेको लङ्खुदेउराली आवासीय बोर्डिङ स्कुललगायत अन्य वडामा रहेका गरी चारवटा निजी विद्यालय बन्द भइसकेको बताए । *-रासस*

# एकैदिन ८३ जना शिक्षक शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान




राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेशनल प्याब्सन) भक्तपुरले आज एकैदिन ८३ जना शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको छ । आज नेशनल प्याब्सन भक्तपुरको डोलेश्वरमा आयोजित नवौं वार्षिक साधारणसभामा संस्थामा आबद्ध जिल्लाका विभिन्न विद्यालयमा विगत १० वर्षदेखि अनवरत रूपमा सेवा गरेका शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको हो । साधारणसभाको उद्घाटन सत्रमा बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले ८३ जना शिक्षक-शिक्षिकालाई दोसल्ला ओढाएर दीर्घसेवा सम्मान वितरण गरे । कार्यक्रममा मन्त्री थापाले शिक्षासँग स्वास्थ्यलाई पनि जोडेर लैजानुपर्नेमा जोड दिँदै शिक्षक तथा विद्यार्थीलाई स्वस्थ राख्न विद्यालयले स्वास्थ्य शिविरलगायत कार्यक्रम विद्यालयमै गर्नुपर्ने औँल्याए । उनले भने, "प्रत्येक विद्यालयले वर्षमा कम्तीमा पनि एउटा स्वास्थ्य शिविरको आयोजना गर्नस्, विद्यार्थीलाई स्वस्थ राख्नुस्, त्यसका लागि प्राविधिक सहयोग हामी गर्छौं, भक्तपुर अस्पताल, सूर्यविनायक नगर अस्पतालबाट सेवा प्रवाह गर्छौं, प्रत्येक विद्यालयमा यो अभियान चलाउनुस् ।" अब भक्तपुरका जनताले सस्तो र सहज रूपमा सिटिस्क्यान सेवा पाउने उल्लेख गर्दै उनले प्रदेश सरकारले रु १९ करोडको लागतमा सिटीस्क्यान मेसिन भक्तपुर अस्पतालमा जडान गर्न बोलपत्र आह्वान गरिसकेको उनले बताए । भक्तपुर अस्पतालमा सिटिस्क्यान मेसिन राख्न ठाउँ अभाव भइरहेको अवस्थामा भक्तपुर नगरपालिकाले अस्पतालले एक सय वर्ष अगाडिदेखि भोगचलन गर्दै आएको जमिनमा सटर हाल्ने योजना अगाडि बढाएको बताए । भक्तपुरका जनताले सेवा पाउने विषयमा भक्तपुर नगरपालिकाले सहयोग गर्नुपर्नेमा उल्टै पूर्वाधार भत्काएर आफ्नै संचरना बनाउन खोजेको भन्दै उनले जनताप्रति स्थानीय सरकार उत्तरदायी हुनुपर्नेमा जोड दिए । उनले भक्तपुर नगरपलिकाद्वारा सञ्चालित ख्वप: अस्पतालाई पनि बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले सिटिस्क्यान मेसिन राख्न बजेटको व्यवस्था गरेको बताए । कार्यक्रममा एन प्याब्सन केन्द्रीय समितिका सहकोषाध्यक्ष विक्रम धुकुछु, केन्द्रीय पदाधिकारी जिबी खड्कालगायतले शिक्षालाई गुणस्तरीय बनाउन शिक्षक शिक्षिकाको भूमिका महत्त्वपूर्ण हुने भएकाले सम्मानले प्रेरणा प्रदान गर्ने बताए । नेशनल प्याब्सन भक्तपुरका अध्यक्ष एवं कार्यक्रम सभापति सञ्जय खड्काले एउटै विद्यालयमा १० वर्षसम्म सेवा गर्ने शिक्षक शिक्षिकालाई यस वर्षदेखि सुरु भएको सम्मान अब हरेक वर्ष सञ्चालन गर्ने बताए । उनले नेशनल प्याब्सन भक्तपुरकै नेतृत्वमा निजी क्षेत्रको सहयोगमा यस संस्थाअन्तर्गत रहेका विद्यालयका शिक्षक शिक्षिकादेखि विद्यार्थीसम्मलाई रु एक लाखको नि:शुल्क दुर्घटना बीमाको व्यवस्था गरेको बताए ।

*-रातोपाटी डटकम*

# ज्ञान कहाँबाट आउँछ ?

**कृष्ण बोहरा**



हरेक मानिसको अनुहार फरक फरक भए जस्तै बिचारहरुमा पनि बिबिधता हुन्छ। बिचारहरुको निर्माण त परिवेश बाताबरण, सरसंगत र शिक्षाले नै बनाउँछ। बिचार आमाको संम्पर्कबाट बन्न शुरु हुन्छ र परिवारले यसलाई मलजल गर्दछ । छिमेक साथीभाइ र विद्यालयमा पुगेपछि यो फराकिलो बन्छ। आजकल इन्टरनेट र मोवाइलको कारण बिचार र ज्ञानको दायरा छिट्टै बढेर बिश्वव्यापी बन्दै गैरहेको छ। सबै भन्दा धेरै आफ्नै परिवेश र वातावरणले मानिसको बिचार बनाउन ठूलो भूमिका खेलेको हुन्छ । जसमा सामाजिक आर्थिक र राजनीतिक वातावरण मूख्य हुन् । बाताबरण एउटै भयपनि प्रत्येकले भोगेको सत्यहरुमा बिबिधता हुन सक्छ। भोगाइ अनुसार बिचार निर्माण हुने भयकाले प्रत्येकका बिचारमा पनि आफ्नो पन हुन्छ नै। यसैले आफ्नै जस्तो बिचार अरुको भयन भनेर कुरा काट्दै हिँड्ने प्रवृत्ति गलत हो । यसको लागि अरुलाई र संसारलाई हेर्ने दृष्टिकोण सकारात्मक बनाउनुपर्छ । अरुले गलतै गरेको भयतापनि त्यो परिवेशले बनाएको तथ्य हो भन्ने सम्झनुपर्दछ । सबैसँग सँगै हिँडेर मात्र अरुको कुरा पनि बुझ्न सकिन्छ । आफ्नो पनि अरुलाई बुझाउन सकिन्छ । मानिस सामाजिक प्राणी भएकाले एक्लै हिँड्न उसलाई निकै गाह्रो महसुस हुन्छ । त्यो सम्भव पनि छैन । जुन दिन उसका हातपाखुरा चल्न छोड्छन, त्यो दिन फेरि पनि उ समाजवाट छुट्दै र एक्लो हुँदै जाने अनुभव हाम्रा बृद्ध अग्रजहरुले बुझ्नु भयको तथ्य हो । एउटा बच्चा जन्मने बित्तिकै डाको छोडेर रुन्छ । किन रुन्छ यसको बारेमा केही अध्ययन गर्नु भएको छ ? बच्चालाई कसैले केही गरेको पनि हुँदैन । यसको मतलव यो हो की बच्चा एक्कासी नयाँ वातावरणमा आइपुग्यो । उसलाई एकदमै असहज महसुस भयो । जसको कारणले उ रोयो । बिस्तारै उ अब भोक लागेपछि मात्र रुने हुन्छ । रोएपछि उसले दुध खान पायो । अब बच्चा र आमा दुबैले एउटा, एउटा बिचार र ज्ञान हासिल गरे । भोक लागेपछि बच्चा रुन्छ भन्ने ज्ञान आमालाई भयो । बच्चालाई पनि रोए पछि दुध पाइन्छ भन्ने ज्ञान भयो । यसबाट धारणा बिचार र ज्ञानको उत्पत्ति ब्यबहारबाट हुने रहेछ भन्ने कुरा बुझियो । तलका बिविध व्यबहारबाट ज्ञानको उत्पत्ति हुनेगर्छ। जो यस प्रकार छ: सामाजिक आर्थिक राजनीतिक कामहरु, उत्पादनको काममा गरिने व्यबहार जस्तै कृषि र औद्योगिक कर्महरु, बैज्ञानिक प्रयोगहरु, बिचारहरुको निर्माणमा बिश्वास र अन्धबिश्वास तथ्यको आधारमा सत्य खोज्ने कुरा बिज्ञानको तरिका हो । सत्य र तथ्यको वास्ता नगरी बिश्वास गरिने कुरालाई अन्ध बिश्वास भन्ने गरिएको छ । सबै भौतिकबादीहरु अन्ध बिश्वासको बिरोध गर्दछन् । यसैगरी अध्यात्मबादीहरु पनि भौतिकवादको बिरोध गरिरहेका हुन्छन् । कोरा भौतिकवादीहरु र कोरा आध्यात्मवादीहरु दुवै सत्यमा अडिएका छैनन् भन्ने लाग्छ । यसका केही प्रमाणित आधारहरु छन । यी दुवैको बिश्वास अन्धबिश्वासमा अडेको छ । यस धर्तीमा यस्ता कयौं कुराहरु छन्, जो समाजमा घटित घटना परिघटनाहरु हुन् । तर यसलाई भौतिकवादीले अन्धविश्वास भनेर टारेका छन् । अध्यात्मवादले इश्वरको लिला भनेर चित्त बुझाएका छन् । अथवा सैतान भूतप्रेत भनेर भयभित बनाएका छन् । तर यस्ता कुराहरु बिज्ञानले प्रमाणित गर्न बाँकी तथ्यहरु हुन् । यस धर्तीमा सकारात्मक र नकारात्मक उर्जाहरु घुमिरहेका हुन्छन् । यस्ता उर्जाहरु मानव समाज र यस प्रकृत्तिबाटै उत्पत्ति भएका हुन् । मानिसका बिश्वास र मान्यताकै उपज पनि हुन् । जुन भुत प्रेत वा ईश्वरको रुपमा मानिसलाई नै तर्साइरहेका छन । तपाईंले नजान्दा रेडिओ पनि एउटा भूत, सैतान वा ईश्वर हो । टेलिभिजन त अझ ठूलो ईश्वर हो वा महा चण्डाल हो । यी दुई उपकरणहरु मानिसको पहुँच भित्र भएकाले हामीलाई सामान्य लाग्छन् । यस्ता धेरै बिज्ञानका तथ्यहरु प्रकृतिमा गुपचुप रहेका छन् । त्यही तथ्यहरु नै हाम्रा लागि भूत प्रेत वा ईश्वर हुन् । अर्को उदाहरण बिना चालक गुड्ने कार पनि हो। भन्नुस् गज्जव छैन त ? यो त दिउँसै भूतले गाडि चलाएको भएन र ? बिचारहरु निर्माणमा जीवनका धुन हार्मोनियम र गीतारको तारबाट कलाकारले स्वर र धुन निकाल्नुहुन्छ । यसैगरी प्रत्येक मानिसमा पनि केहि न केहि धुन बिद्यमान हुन्छ । त्यस्तो धुन मानिसका दु:ख र संघर्षका आयामहरुबाट उत्पन्न भएका पनि हुन सक्छन् । जीवनका सुख र आनन्दबाट श्रृतिज पनि हुन सक्छन्। जीवनका सफलताबााट श्रृजित पनि हुन सक्छन् वा असफलताबाट उत्पन्न भएको पनि हुन सक्छन् । प्रत्येक मानिसमा यो हुने नै गर्दछ ।

प्रत्येक मानिसमा हुने मानवीय र सामाजिक भावना तथा निजी भावनाले उसमा हुने आदर्श बिचार कति छ? भनि मापन गर्न पनि सकिन्छ। तैपनि समस्या नै समस्यामा जडकिएकाका लागि आदर्श बिचार परिकल्पनाको बस्तु बाहेक केही हुन सक्तैन । दालभात खानकै लागि दिनरात मेहनत गर्दा पनि पुग्दैन भने अन्तरिक्षमा सयर गर्ने कुरा कसरी कल्पना गर्न सकिन्छ ? अरु ठूल ठूला कुरा सोच्नु बेकार हुन्छ । सबै कुरा आ-आफ्नो परिवेश र परिस्थितिमा भर पर्ने कुरा हो । कतिपयलाई मैले जस्तै उसले किन गरेन ? भन्ने पनि लाग्न सक्छ । यस्तो अभिव्यक्त भएकै पनि सुनिन्छ । सबैको अबस्थाले कुन काम गर्न सक्ने र नसक्ने भन्ने कुराको ग्यारेन्टी हुन्छ । कस्तो बिचार र योजना बन्छ भन्ने कुराको पनि यकिन हुन्छ । यस्तै मानिसको सौख, चाहना वा इच्छा शक्तिले पनि यसमा भूमिका खेलेको हुन्छ । सौख र चाहनालाई प्रभाव पार्ने तत्व पनि सरसंगत र वातावरण नै हो । यसैले हरेक मानिसको जीवनको धुन फरक फरक हुन सक्छ । जसरी गिटारका फरक फरक तारले फरक फरक धुन निकाल्दछन । एउटै धुन किन निस्केन भन्ने कुरा बुझ्न तारको अवस्थितिलाई राम्ररी नियाल्नु जरुरी छ । अर्को कुरा मानिसका परिवेश, वाताबारण र उसले गर्ने कर्मवाट मानिसको बिचार निर्माण हुने कुरा बुझियो । यसरी बन्ने बिचारहरु सामाजिक मूल्य र मान्यता अनुरुप पनि हुनुपर्छ । सामाजिक मूल्य मान्यता बिपरित भएमा यो समाज बिरुद्धको आचरण भयो । समाज बिरुद्ध जानेलाई देशको ऐन नियम र कानूनले नियमन गरेको हुन्छ । यसैले अपराध कर्म गर्नेहरुलाई दण्ड सजायको व्यबस्था गरिएको छ । तर हाम्रो यो संसदीय व्यबस्थामा दादागिरी गर्ने, तस्करी गर्ने, सरकारी जग्गा हत्याउने, मानिसहरु नै राजनीतिमा पनि हावी भएका छन् । अझ यिनीहरु केन्द्रीय नेतृत्वमा समेत पुगेका छन् । पार्टी सिष्टम र पार्टी भित्र पनि गुटगत अवस्था हावी हुनाले अपराध कर्म गर्नेहरुले घुमी फिरी मौका पाउने गरेका छन् । चुनावमा पैसा बाँडी चुनावलाई पनि उनीहरु प्रभाव पार्न सक्दछन्। यिनै व्यक्तिहरुले नै हाम्रो राज्य सत्ताको रेल चलाइरहेका छन । भनाइ र गराइमा फरक पर्नु, सिद्धान्त र व्यबहारमा आकास जमिन अन्तर हुनु यही नै मूख्य कारण हो । संसारलाई हेर्ने हाम्रो आँखा सकारात्मक हुनुपर्छ भन्दै गर्दा सामाजिक मूल्य मान्यतामा सबै जना चलुन् भन्नका लागि हो । जब सामाजिक मूल्य मान्यता त्यागेर कुनै मानिस, कुनै समूह वा पार्टी देशका नियम कानूनको धज्जी उडाउँछ । आफ्नै पार्टीको आन्तरिक नियम र अनुशासनको पनि ख्याल गर्दैन भने कसरी सकारात्मक हुन सकिएला र ? चुनावमा टिकट नपाउने बित्तिकै कुनै नेतो चुनावको मुखमा आफ्नै साथीलाई हराउन बिरोधी पार्टीमा प्रवेश गर्दछ पार्टीको अनुशासन त तोडियो निद्र तिनै मानिसलाई पार्टी भित्रका गुटहरुले हानथाप गरेर पु:न पार्टी भित्र प्रबेस मात्र हैन आफ्नो गुटमा ल्याउन हानथाप गर्दछन् भने यहाँ भन्दा बिडम्वना के हुन सक्छ ? यी र यस्तै प्रकृतिका थुप्रै बिकृति छन् । यो नै संसदीय व्यबस्थाको सबैभन्दा खराव पक्षहरु हुन् । व्यक्तिगत रुपमा शिर्ष नेताका स्वार्थ माथि हुन्छन् । पार्टीगत स्वार्थभन्दा गुटको स्वार्थ माथि हुन्छ । देशको स्वार्थ भन्दा पार्टीको स्वार्थ माथि हुन्छ । देश गरिव हुनु, बिदेशीको इसारामा चल्ने हुनु । राष्ट्रिय स्वार्थको सधै बलिदान हुनुको मूख्य कारक नै यस्तै यस्तै गतिबिधिहरु हुन् । यसलाई सच्याउनको लागि काम गर्नेको मूल्यांकन राम्रो गर्ने परिपाटी बसाल्नु आवश्यक छ। गलत गर्नेहरुलाई अपराधको प्रकृति हेरेर नसियत दिने व्यबस्था हुनुपर्छ । राम्रो गर्नेलाई निरन्तर प्रोत्साहनको आवश्यक छ । जे कुरो हुनु हुँदैन भनियो त्यो कुरो निरन्तर हुँदै आयो । जे कुरा हुनुपर्छ भनियो त्यो आकाशको फल जस्तो भयो । सबैको दिमागलाई सकारात्मक बनाउन देश एउटा लयमा बग्नुपर्छ । राष्ट्रिय स्वार्थ सर्बोपरी बन्नुपर्छ । यसकोलागि सिष्टममा सुधार या परिवर्तन गर्न आवश्यक परे पनि तयार हुनुपर्दछ ।

*-डिसी नेपाल डटकम*

# निर्वाचन आचारसंहिता लागू, उल्लङ्घन गरे कारवाही




**पाल्पा,** मंसिर २/यही मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आचारसंहिता लागू भएको छ । निर्वाचन आयोगले आइतबारलदेखि नै आचारसंहिता लागू भएको जनाएको छ । आयोगले उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पदधारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गरेको हो ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक-एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ । उक्त निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गर्न आयोगले आचारसंहिता लागु गरेको हो । आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने छ । आचारसंहिताविपरीतका कार्य भए/गरेको पाइएमा वा हुनसक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ । आचारसंहिता उल्लङ्घन भएको पाइए कारबाही हुने आयोगले जनाएको छ ।

# मणिमुकुन्द सहकारीले मनायो २३ औं वार्षिक साधारण सभा



**पाल्पा,** मंसिर २/तानसेनमा रहेको मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाले २३ औं वार्षिक साधारण सभा मनाएको छ । सहकारीले भव्य समारोहकाबिच साधारण सभा मनाएको हो ।

सभाको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका श्रेष्ठले तीन खम्बे अर्थ नीति मध्ये सहकारी एक भएको बताए । उनले आर्थिक विकासमा सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको औंल्याए । नगरप्रमुख श्रेष्ठले मणिमुकुन्द सहकारीले आफुलाई विश्वासीलो सहकारीका रुपमा स्थापित गर्न सफल भएको धारणा व्यक्त गरे । उनले पछिल्लो समय सहकारीमा अनुशासन नहुँदा केही सहकारीहरुमा समस्या आएको बताए । संस्थाका अध्यक्ष मधु दयाल सैंजुले संस्थाको वार्षिक प्रतिवेदन सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको बताए । उनले भने 'सहकारीको माध्यमबाट सदस्यहरुबिच आत्मियता, सद्भाव र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष हेमन्तराज शाक्य, शेयर सदस्य शोभा शाक्य लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । संस्थाका कोषाध्यक्ष ज्ञानु कार्कीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । सोही अवसरमा जेष्ठ नागारिक, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणीलाई समेत सम्मान गरिएको प्रवन्धक लक्ष्मी शाक्यले बताईन् । संस्थाका अध्यक्ष मधुदयाल सैंजुको अध्यक्षता,उपाध्यक्ष सुशिल प्रधानको स्वागत, सचिव सञ्जयराज शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# अस्ट्रेलियाले पाकिस्तानलाई १३ रनले हरायो



**काठमाडौं,** मंसिर २/पाकिस्तानसँगको दोश्रो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा अस्ट्रेलिया १३ रनले विजयी भएको छ । योसँगै अस्ट्रेलियाले तीन खेलको शृङ्खला २-० ले जितेको छ । अस्ट्रेलियाले दिएको एक सय ४८ रनको लक्ष्य पछ्याएको पाकिस्तान १९ ओभर चार बलमा एक सय ३४ रनमा अलआउट भयो । पाकिस्तानका उसमान खानले सर्वाधिक ५२ रन बनाए । यस्तै इरफान खानले अविजित ३७ रन बनाए पनि टिमलाई जिताउन सकेनन् । अस्ट्रेलियाका स्पेन्सर जोनसनले पाँच विकेट लिए । यस्तै एडम जम्पाले दुई विकेट लिए । यसअघि घरेलु मैदान सिड्नीमा टस जितेर पहिले ब्याटिङ गरेको अस्ट्रेलियाले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ४७ रन बनाएको थियो । अस्ट्रेलियाका लागि ओपनर ब्याटर मेथ्यु सर्टले सर्वाधिक ३२ रन बनाए । पाकिस्तानका हरिस रउफले चार विकेट लिए । यस्तै अब्बास अफ्रिदीले तीन र सुफियान मुकीमले दुई विकेट लिए । अस्ट्रेलिया र पाकिस्तानबीचको टी-२० शङ्ख्लाको तेस्रो तथा अन्तिम खेल आउँदो सोमवार हुनेछ । यसअघि भएको पहिलो टी-२० शृङ्खलाम अस्ट्रेलियाले पाकिस्तानलाई २९ रनले हराएको थियो । टी-२० शृङ्ख्लाअघि भएको तीन खेलको एकदिवसीय शृङ्खला पाकिस्तानले २-१ ले जितेको थियो ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुन-चाँदीको मूल्य घट्यो



**पाल्पा,** मंसिर २/ साता पहिलो दिन सुन-चाँदीको मूल्य घटेको छ । केही दिन अघि निरन्तर उकालो यात्रामा रहेको सुन-चाँदीको मूल्य पछिल्ला दिनहरुमा ओरालोमा यात्रामा रहेको छ । आइतबार स्थानीय बजारमा सुनको मूल्य सामान्य घटेको छ । नेपाल सुन चाँदी व्यवसायी महासंघका अनुसार एक सय रुपैयाँले घटेर प्रतितोला सुनको मूल्य १ लाख ६० हजार निर्धारण भएको हो ।

अघिल्लो कारोबार दिन शुक्रबार प्रतितोला सुन १ लाख ६० हजार १ सय रुपैयँमा कारोबार भएको थियो । सुनको मूल्य घटेसँगै चाँदी पनि घटेको छ । ५ रुपैयाँले घटेर प्रतितोला चाँदी १ हजार ९ सय ५ रुपैयाँमा खरिदबिक्री भइरहेको महासंघले जनाएको छ । शुक्रबार प्रतितोला चाँदी १ हजार ९ सय १० रुपैयाँमा कारोबार भएको थियो । अन्तर्राष्ट्रिय बजारमा सुनचाँदी मूल्यमा आएको उच्च गिरावटले नेपालमा प्रभाव देखिएको हो । अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा दैनिक मूल्य समायोजन हुँदै आएको छ । अमेरिकी राष्ट्रपतिमा डोनल्ड ट्रम्प निर्वाचित भएसँगै डलर मजबुत हुँदा सुनचाँदीको मूल्यमा पछिल्ला केही दिन यता गिरावट देखिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । ट्रम्पको पुनरागमनले मुद्रास्फिति बढ्न सक्ने अनुमान गरिएको छ । मुद्रास्फिति दवावमा रहँदा केन्द्रीय बैंक फेडले लिएको ब्याजदर कटौतीको नीतिमा पनि प्रभाव पर्न सक्नेछ । अमेरिकामा ब्याजदर घट्दै जाने अनुमानले सुनमा लगानी आकर्षित भएको थियो, तर अबका दिनमा मुद्रास्फिति बढ्न गएमा ब्याजदर घट्ने सम्भावना कमजोर हुनेछ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्राई